जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी दु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

बर्ष १२ • अंक ३४७ • २०८२ असोज १९ गते आईतवार • 5 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# पिपरा गाउँपालिका-१ स्थित ढेकाहा बजारमा राति अराजक समूहले गरेको आगजनी र तोडफोडबाट ठूलो क्षति

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १८ असोज**



पिपरा गाउँपालिका-१ स्थित ढेकाहा बजारमा राति अराजक समूहले गरेको आगजनी र तोडफोडबाट ठूलो क्षति पुगेको छ। समूहले रातको समयमा पसलका ताला फोडी लुटपाट गर्दै ५ वटा पसलमा आगजनी र ३ पसलमा तोडफोड गरेको प्रहरीले जनाएको छ।

बजारमा लागेको आगजनीलाई जलेश्वर र मटिहानी नगरपालिकाबाट आएका दुईवटा वारुणयन्त्रले आज विहानपछि मात्र नियंत्रणमा लिन सकेका थिए । आगजनीबाट रुपेश साह र मंसुर कवारीको किराना पसल, इसा कवाडी र अब्बु कवाडीको पान पसल तथा महमद उमर राइनको मोटरसाइकल ग्यारेज जलेर खरानी भएको छ। त्यस्तै रामवृक्ष यादवको चिया पसल, लतिफ कवाडीको कुखुरा पसल र मजिलिस कवाडीको किराना पसलमा तोडफोड गरिएको छ । पीडित व्यापारीका अनुसार सबै पसलहरू भाडाको घरमा सञ्चालनमा थिए। आगजनीबाट ठूलो आर्थिक क्षति भएको जनाउँदै व्यापारी रुपेश साहले आफ्नो होलसेल किराना पसलमा मात्रै १५ लाख रुपियाँभन्दा बढीको क्षति भएको बताउनुभयो। उहाँका अनुसार संपूर्ण पसलहरूमा कम्तीमा ५० लाख रुपैयाँ बराबरको क्षति भएको छ, भवनको समेत हिसाब गर्दा एकदेखि डेढ करोड बराबरको क्षति भएको अनुमान छ। प्रहरीले भने घटना मुचुल्का भइरहेकोले क्षतिको एकिन विवरण आउन केही समय लाग्ने जनाएको छ। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं डीएसपी शैलेन्द्र भट्टका अनुसार घटनाको सूक्ष्म अनुसन्धान भइरहेको छ । घटनाको मूल कारणबारे अहिलेसम्म यकिन हुन सकेको छैन। स्थानीयहरूका अनुसार घटनाको जरो एकरहिया गाउँमा लागेको दुर्गा मेला र त्यसमा ल्याइएको भारतीय आरकेष्ट्रा रहेको बताइएको छ । भारतको साहरघाटबाट झिकाइएको ६ जना नर्तकीसहितको आरकेष्ट्रा हेर्न गएका ढेकाहा र एकरहियाका युवाबीच राती नै विवाद भएको थियो। झगडा चर्किएर हात हालाहालसम्म पुगेको गाँउलेको भनाइ छ।

यसैबीच आक्रोशित एक समूहले प्रतिशोध स्वरूप ढेकाहा बजारमा तोडफोड र आगजनी गरेको दावी गरिएको छ।

# बागमती नदी किनारमा बसोबास गर्ने १२८ घरधुरीलाई सुरक्षित स्थानमा सारियो



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, १८ असोज**

लगातारको वर्षापछि रौतहटको वृन्दावन नगरपालिका-१ स्थित भोटियाघाट क्षेत्रको बागमती नदी किनारमा बसोबास गर्ने १२८ घरधुरीलाई सशस्त्र प्रहरीले अनुरोध गरी सुरक्षित स्थानमा सारिएको छ ।

बागमती नदीको किनारमा बसेकाहरू जोखिममा परेका थिए। नदीमा पानीको सतह बढ्न थालेपछि उनीहरूलाई सुरक्षित स्थानमा सारिएको हो । केही अटेर गरेर बसेकाहरूलाई बाहिर निकाल्न शनिबार दिउँसो सशस्त्र प्रहरीको सन्तपुर बेसबाट डीएसपी राजेन्द्र बस्नेतको टोली गएको छ। सशस्त्र प्रहरी सन्तपुर बेसका डीएसपी राजेन्द्र बस्नेत र ११ नम्बर गणको टोलीले भोटियाघाट क्षेत्रको बागमती नदी किनारमा बसोबास गर्नेहरूलाई अनुरोध गरी सुरक्षित स्थानमा सारिएको सशस्त्र प्रहरीका एसपी रामहरि अधिकारीले बताए। एसपी अधिकारीका अनुसार केही अटेर गरेर बसेकाहरूलाई बाहिर ल्याउन सशस्त्र प्रहरीका डीएसपी बस्नेतको टोली अहिले त्यहाँ गएको छ । तीन जना स्थानीयले आफ्नो पशु त्यहीँ राखेको जानकारी पाएपछि टोली त्यहाँ गएको हो। उनीहरूको खेतबारी त्यहीँ छ। उनीहरू अहिले गाउँकै आफन्तकोमा बसिरहेको प्रहरीले जनाएको छ । बागमती नदीमा बाढीको उच्च जोखिम भएकाले प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानीयलाई सतर्क रहन र सुरक्षित स्थानतर्फ जान सशस्त्रले बिहानदेखि माइकिङ गरेको छ। बागमती र लालबकैया नदीमा पानीको सतह बढ्दै गएपछि किनारका बस्तीहरू बाढीको जोखिममा परेका छन् ।

सशस्त्र प्रहरी बल नेपाल, नम्बर ११ गण मातहतका सन्तपुर, दुधियाभार, बिजयपुर र समनपुर लगायत बेस क्याम्पहरूले जोखिमयुक्त बस्तीमा माइकिङ गर्दै बाढीबाट हुने क्षतिबाट जोगिन र सुरक्षित स्थानमा जान आग्रह गरेको छ । वर्षायाममा बागमती र लालबकैया नदी किनारका बस्तीहरूमा बाढी र डुबानको जोखिम बढ्ने गरेको छ ।

# निरन्तर मुसलधारे वर्षा भइ बाहिर निस्कनै नसक्ने अवस्था आउँदा जनजीवन प्रभावित

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १८ असोज**



सर्लाहीमा शुक्रबार रातिदेखि नै मेघ गर्जनसहित निरन्तर पानी परिरहँदा जनजीवन प्रभावित बनेको छ। मुख्य चाड दसैंको समयमा निरन्तर मुसलधारे वर्षा भइ बाहिर निस्कनै नसक्ने अवस्था आउँदा जनजीवन प्रभावित बनेको हो।

भारी वर्षा जारी रहेकाले अत्यावश्यक काम परेका मानिससमेत घर बाहिर निस्कन सकेका छैनन्। मान्यजनकहाँ दसैंको टीका, जमरा ग्रहण गर्न जानुपर्नेहरु लगातार झरी परिरहँदा घरमै थुनिएका छन्। सङ्घीय राजधानी काठमाडौं जाने सवारी साधन ठप्प भएपछि शनिबार बिहान काठमाडौं हिंडेका कतिपय मानिस बाटोबाटै फर्किएका छन्।

दसैं मनाएर शनिबार बिहान काठमाडौं फर्कने गाडी बुक गरे पनि भारी वर्षाका कारण गाडी जानै नसकेको लालबन्दी नगरपालिका -९, बस्तीपुरका निराजन पोखरेलले बताउनुभयो। भारी वर्षाका कारण सर्लाहीसहित तराई क्षेत्रबाट काठमाडौं जाने गाडी ठप्प भएका छन्। लामो दुरीमा चल्ने अन्य गाडी पनि पातलो मात्रामा चलिरहेका छन्। ईश्वरपुर नगरपालिका -१२, का वडाध्यक्ष देविबहादुर खत्री (शिव) ले प्रत्येक खोलामा ठुलो बाढी आएकाले चुरे भेगमा पैदल हिँडेरै जाने अवस्थासमेत नरहेको बताउनुभयो। भारी वर्षाका कारण दसैं मनाइसकेर कर्मथलो फर्कने तयारी गरेकाहरु तत्काल सुरक्षित भएर घरमै बस्नुपर्ने अवस्था आएको छ। भारी वर्षातले गर्दा सर्लाहीमा बिजुली अनियमित बनेको छ । अधिकांश स्थानमा मोवाइलको नेटवर्कसमेत अवरुद्ध हुँदा टेलिफोन सम्पर्कमै समस्या पैदा भएको स्थानीयले गुनासो गरेका छन् । लगातार पानी परिरहँदा पशुपालक किसानलाई पशुवस्तुका लागि आहारा जुटाउन समस्या परेको छ।


पानी पर्न नरोकिँदा शनिबार दिनभर लालबन्दी, हरिवन, बरहथवा, बयलवास, मलङ्गवासहित जिल्लाका हाटबजारका अधिकांश पसल, व्यवसाय खुल्न सकेनन् । मौसम पूर्वानुमान महाशाखाको पूर्व सूचनाअनुसार भारी वर्षा भइरहँदा स्थानीय प्रशासन सतर्क अवस्थामा रहेको छ ।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627
Class- PG to Class-X


Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence




# दिगो उद्योगका लागि महत्वपूर्ण बाँस

*बाँस नेपाली समाजमा दैनिक जीवनको अभिन्न हिस्सा रहेको देखिन्छ । यो हलुका, बलियो र बहुआयामिक प्रयोगले ग्रामीण र सहरी जीवनमा सुविधा, आर्थिक लाभ र सांस्कृतिक मूल्य प्रदान गरेको देखिन्छ। नेपालमा बाँस दैनिक जीवनका विविध पक्षमा व्यापक रूपमा प्रयोग भएको देखिन्छ। घरगोठ लगायतका संरचनामा होस् वा ती संरचनाको सुरक्षाका लागि पर्खाल/बाँधका रूपमा, मेला, चाडपर्व तथा धार्मिक अनुष्ठानमा सजावट र मञ्च व्यवस्थापन होस् वा अस्थायी पुलपुलेसा निर्माण गर्न, भान्सामा पारम्परिक पकवान बनाउन होस् वा अन्न भण्डारण, खेतीपाती गर्दा होस् वा अन्नबाली भित्र्याउँदा, खोर गोठको ढाँचा निर्माणमा होस् वा त्यसभित्र रहने घरपालुवा जनावरका लागि खाद्यान्न स्रोत जुटाउन, तरकारी फलफूल अन्न बोटबिरुवालाई सुरक्षित राख्न होस् वा तापका लागि इन्धन/ऊर्जाका रूपमा बाँसको प्रयोग गर्दै आएको देखिन्छ ।*

*के बन्दैन बाँसको ? के हुँदैन बाँसको ? घरेलुजन्य, कृषिजन्य, निर्माण सामग्रीका साथै घाँस दाउरा, खानेकुरा लगायतका बहुउपयोगी सामग्री कति हुन्छन् भनेर र गनेर साध्यै छैन । हाम्रा पिता पुर्खाले बाँससँग जोडिएका धेरै ज्ञानसिप हामीलाई छोडेर गएका छन् । अब ती परम्परागत ज्ञान, सिपलाई हामीले उचित जगेर्ना गर्दै यसलाई आधुनिक प्रविधिसँग जोड्दै अझ फराकिलो, उन्नत, प्रतिस्पर्धी र विकसित बनाउन आवश्यक रहेको देखिन्छ । अन्तमा बाँस अहिले विश्वव्यापी रूपमा सतत विकास, हरित उत्पादन र दिगो उद्योगका लागि एक महत्वपूर्ण कच्चा पदार्थका रूपमा विकास भएको देखिन्छ ।*

# नेपाल सरकारद्वारा देशभर दुई दिन सार्वजनिक बिदा दिने निर्णय


**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ असोज**




सरकारले देशभर दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ। गृह मन्त्रालयले शनिबार जारी गरेको सूचनामा देशका विभिन्न भागमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको र जसका कारण आइपर्नसक्ने परिस्थितिलाई मध्यनजर गर्दै असोज १९ र २० गते सार्वजनिक बिदा निर्णय गरिएको उल्लेख छ ।

मन्त्रालयका अनुसार पछिल्ला दिनमा लगातार वर्षा भइरहेको र अझै असोज २० गतेसम्म तीव्र वर्षा जारी रहने पूर्वानुमान भएकाले बाढी, डुबान, भूक्षय र सडक तथा हवाई यातायात अवरुद्ध हुने जोखिम बढेको छ। त्यस्ता सम्भावित जोखिमका कारण जनधनको क्षति हुन सक्ने देखिएकाले सुरक्षाको दृष्टिले देशभर सार्वजनिक बिदा दिने निर्णय गरिएको सूचनामा उल्लेख छ ।

दसैं बिदापछि आइतबार देखि कार्यालय खुल्ने तयारी रहेकै बेला दुई दिन बिदा थप गरिएको हो । मन्त्रालयका सहसचिव तथा प्रवक्ता आनन्द काफ्लेले जारी गरेको सूचनामा भनिएको छ, '२०८२ असोज १९ र २० गतेका दिन विपद् व्यवस्थापन र अत्यावश्यक सेवासँग सम्बन्धित कार्यालयहरू बाहेक नेपालभरका सबै कार्यालय, संस्था र निकायमा सार्वजनिक बिदा रहनेछ ।' यस्तै सरकारी निकालयले नागरिकलाई सम्भावित विपद् जोखिमलाई ध्यानमा राखी अत्यावश्यक कामबाहेक घर बाहिर ननिस्कन, सुरक्षित स्थानमा रहन र सरकारी सूचना तथा निर्देशनअनुसार आचरण गर्न आग्रह गरे छ। सरकारले वर्षाका कारण उत्पन्न हुन सक्ने बाढी, पहिरो र डुबान जस्ता जोखिमबाट नागरिकको ज्यान र सम्पत्ति सुरक्षित राख्न सबै तहका प्रशासनिक र सुरक्षात्मक निकायहरूलाई तयारी अवस्थामा रहन समेत निर्देशन दिइसकेको छ ।




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# अवैध घरेलु मदिरा, कच्चा पदार्थ सहित भाडाकुडाहरू नियन्त्रणमा



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १८ असोज**

महोत्तरीको गौशालाबाट बनाउदै गरेको अवस्थामा ठूलो परिमाणमा अवैध घरेलु मदिरा, कच्चा पदार्थ सहित भाडाकुडाहरू नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय गौशालाबाट खटिएको प्रहरी टोलीले गौशाला नगरपालिका-८, बेलगाछीबाट छापा मारि १०० लिटर तयारी घरेलु मदिरा र मदिरा बनाउन प्रयोग हुने कच्चा पदार्थ १,००० लिटर नियन्त्रणमा लिएको हो।

इलाका प्रहरी कार्यालय, गौशालाका प्रहरी निरीक्षक रमेश लामाको नेतृत्वमा गएको प्रहरी टोलीले स्थानीय टिका जर्घा मगर र अर्का एक नाम नखुलेको व्यक्तिको घरमा छापा मारेको थियो। घरको आँगनमा मदिरा उत्पादन भइरहेको अवस्थामा प्रहरीले सो परिमाणको रक्सी र कच्चा पदार्थ नियन्त्रणमा लिएको हो। प्रहरीले मदिरा बनाउन प्रयोग हुने चार सेट भाँडाकुँडा र अन्य सामग्रीहरू पनि नियन्त्रणमा लिएको छ । बरामद गरिएका सबै सामग्रीहरू आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय गौशालामा ल्याइएको छ। प्रहरी निरीक्षक लामाले घटनाबारे थप अनुसन्धान भइरहेको र संलग्न व्यक्तिहरूको खोजी कार्य जारी रहेको बताए।

## तपाईको टुडे

मेष: आम्दानी हुने
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: पिछ्डेको साथी मिल्ने
सिंह: खानपानमा समस्या आउने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: विचार गरेर बोल्नुहोला
मकर: मनमा पछुतो आउने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्बरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# तत्काल गाजा युद्ध अन्त्य गर्न आग्रह, भारी बमबारी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ असोज**



गाजामा बन्दी बनाइएका इजरायली बन्धकहरूका परिवारहरूले गाजा युद्ध तुरुन्तै अन्त्य गर्न "आवश्यक" भएको शनिबार बताएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध रोक्न युद्धविराम योजनासहित आह्वान गरे पनि इजरायलले यस क्षेत्रमा आक्रमण गरिरहेको छ। हमासले सबै बन्धकहरूलाई रिहा गर्न र ट्रम्पको शान्ति योजनाको विवरणमा वार्ता सुरु गर्न सहमत भएपछि ट्रम्पले इजरायललाई प्यालेस्टिनी क्षेत्रमा बमबारी रोक्न आग्रह गरेका थिए।

हमासले गाजामा बन्दी बनाइएका बन्धकहरूलाई रिहा गर्न तयार रहेको तर ट्रम्पको योजनाको विवरण र प्यालेस्टिनी क्षेत्रको भविष्यका बारेमा वार्ता गर्न चाहेको बताएको छ। राष्ट्रपति ट्रम्पको प्रस्तावमा समावेश गरिएको आदान-प्रदान सूत्रअनुसार सबै बन्धकहरू-जीवित र अवशेषहरूको रिहाइका लागि आफ्नो स्वीकृति घोषणा गरेको हमासले शुक्रबार एक विज्ञप्ति मार्फत जनाएको हो।

ट्रम्पले सामाजिक सञ्जालमा पोस्ट गर्दै "हमासले जारी गरेको वक्तव्यको आधारमा, विश्वास व्यक्त गर्दै स्थायी शान्तिका लागि हमास तयार रहेको बताएका छन्। हमासका एकजना वरिष्ठ अधिकारीले शनिबार "सबै मुद्दाहरूलाई अन्तिम रूप दिन तुरुन्तै वार्ता सुरु गर्न तयार रहेको" बताएका छन्। ट्रम्पको प्रस्तावित योजनाले शत्रुता रोक्न, ७२ घण्टा भित्र बन्धक मुक्त गर्न, गाजाबाट क्रमिक रूपमा इजरायली फिर्ती र हमासको निशस्त्रीकरणको आह्वान गर्दछ। "बन्धकहरूलाई गम्भीर र अपरिवर्तनीय क्षति हुन नदिन राष्ट्रपति ट्रम्पको युद्ध तुरुन्तै रोक्नको माग आवश्यक रहेको होस्टेज एण्ड मिसिङ फेमिलीज फोरमले एक विज्ञप्ति मार्फत जनाएको छ।

# अभिषेक र ऐश्वर्याले किन हाले युट्युब र गुगलविरुद्ध मुद्दा ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ असोज**



बलिउडका चर्चित कलाकार जोडी अभिषेक बच्चन र ऐश्वर्या राय बच्चनले आफूहरूको एआईबाट सिर्जना गरिएका डीपफेक भिडियो लाई लिएर युट्युब र गुगल विरुद्ध दिल्ली उच्च अदालतमा मुद्दा दायर गरेका छन्। भारतीय मिडियाका अनुसार जोडीले क्षतिपूर्तिका लागि करिब छ करोड ४० लाख रुपैयाँ माग गरेका छन्।

जोडीले अदालतसँग सामाजिक सञ्जाल प्लेटफर्महरूमा आफ्नो व्यक्तित्व, अनुहार, आवाज र छविको अवैध तथा आपत्तिजनक प्रयोगमा स्थायी रूपमा रोक लगाउन निर्देशन जारी गर्न अपील गरेका छन्। रोयटर्सको रिपोर्ट अनुसार, अभिषेक र ऐश्वर्याले सेप्टेम्बर ६ मा करिब १,५०० पृष्ठको याचिका अदालतमा पेश गरेका थिए। यस याचिकामा युट्युबमा फर्जी, भ्रामक र अपमानजनक तरिकाले उनीहरूको तस्बिर र आवाज प्रयोग गरिएका सयौं भिडियोहरूको लिङ्क र स्क्रिनसट समावेश छन्। याचिकाकर्ताहरूले यस्ता भिडियोहरूले आफ्नो प्रतिष्ठामा ठेस पुर्‍याउनुका साथै निजताको मौलिक अधिकारको पनि गम्भीर उल्लंघन गरिरहेको बताएका छन्। दिल्ली उच्च अदालतले यस मामिलामा कडा कदम चाल्दै गुगललाई नोटिस जारी गर्दै लिखित जवाफ दाखिल गर्न आदेश दिएको छ। यस मुद्दाको अर्को सुनुवाइ जनवरी १५, २०२६ मा हुनेछ।

एआई भिडियोविरुद्ध जोडीले कानूनी कदम चालेको यो पहिलो पटक भने होइन। यसअघि अभिषेक बच्चनले सेप्टेम्बर १० मा दिल्ली उच्च अदालतमा याचिका दायर गर्दै अदालतबाट आफ्नो पब्लिसिटी र पर्सनैलिटी राइट्स (जनतामा छवि र व्यक्तित्व अधिकार) को सुरक्षा गर्न अनुरोध गरेका थिए।

# शनिबारका लागि यस्तो छ विदेशी मुद्राको विनिमयदर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ असोज**




नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमयदर सार्वजनिक गरेको छ। जसनुसार शनिबार अमेरिकी डलर एकको खरिददर १४१ रुपैयाँ ७४ पैसा र बिक्रीदर १४२ रुपैयाँ ३५ पैसा निर्धारण गरिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६६ रुपैयाँ ३४ पैसा र बिक्रीदर १६७ रुपैयाँ ०४ पैसा, यूके पाउन्ड स्टर्लिङ एकको खरिददर १९० रुपैयाँ ६० पैसा र बिक्रीदर १९१ रुपैयाँ ४१ पैसा, स्विस फ्रयाङ्क एकको खरिददर १७७ रुपैयाँ ९८ पैसा र बिक्रीदर १७८ रुपैयाँ ७३ पैसा कायम गरिएको छ। राष्ट्र बैङ्कका अनुसार अस्ट्रेलियन डलर एकको खरिददर ९३ रुपैयाँ ६० पैसा र बिक्रीदर ९३ रुपैयाँ ९९ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रुपैयाँ ४९ पैसा र बिक्रीदर १०१ रुपैयाँ ९२ पैसा, सिंगापुर डलर एकको खरिददर १०९ रुपैयाँ ९४ पैसा र बिक्रीदर ११० रुपैयाँ ४० पैसा तोकिएको छ। शनिबार जापानी येन १० को खरिददर ९ रुपैयाँ ६२ पैसा र बिक्रीदर ९ रुपैयाँ ६६ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ९१ पैसा र बिक्रीदर १९ रुपैयाँ ९९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ७९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९५ पैसा निर्धारण गरिएको छ।


# शुभमन गिल भारतीय ओडिआई टोलीको पनि कप्तान नियुक्त

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ असोज**




युवा ब्याटर शुभमन गिल भारतको ओडिआई टोलीको पनि कप्तान नियुक्त भएका छन्। उनले अष्ट्रेलियाविरुद्ध हुने तीन खेलको ओडिआई सिरिजमा नेतृत्व जिम्मेवारी सम्हाल्नेछन्। यो गिलको पहिलो ओडिआई कप्तानी सिरिज हुनेछ। यसअघि उनले टेस्ट र टी-२०आई टोलीको नेतृत्व गरिसकेका छन्।

भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बीसीसीआई)ले ओडिआई सिरिजपछि हुने पाँच खेलको टी-२०आई सिरिजका लागि पनि टोली घोषणा गरेको छ। रोहित शर्मा कप्तानबाट हटाइए पनि उनी र विराट कोहली दुवै ओडिआई टोलीमा फर्किएका छन्। यी दुवै खेलाडी यस वर्ष मार्चमा भएको च्याम्पियन्स ट्रफी फाइनलपछि पहिलो पटक भारतीय टोलीमा फर्किएका हुन्। श्रेयस अय्यरलाई उप-कप्तान बनाइएको छ। २६ वर्षीय गिलको ओडिआई कप्तानी अनुभव सीमित छ। उनले अहिलेसम्म लिस्ट-ए क्रिकेटमा छ पटक कप्तानी गरेका छन्, जसमा पाँच खेलमा जित र एकमा हार भोगेका छन्। यसअघि उनले टेस्ट टोलीको कप्तानी गर्दै इङ्ल्यान्डविरुद्ध २-२ सिरिज बराबरी गरेका थिए। भर्खरै आजै सम्पन्न वेस्ट इन्डिजलाई एक इनिङ र १४० रनले पराजित गरेका थिए। गिलले हालसम्म ५५ ओडिआई खेलेका छन् र २७७५ रनसहित आठ शतक प्रहार गरेका छन्।




अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
जनताको तटबन्ध कार्यालय जलेश्वर
महोत्तरी, मधेश प्रदेश

# लुसिफर र हाइज्याकरको संक्रमणबाट अन्तरिम सरकारलाई जोगाऊ

-भदौ २३ र २४ गतेको जेन-जी विद्रोह र त्यसले दिएको म्याण्डेटलाई कसले नेतृत्व गरिरहेको छ ? २३ गतेको शान्तिपूर्ण प्रदर्शनमा राज्यले निर्दयी ढंगले बन्दुक नचलाएको भए जेनजी आन्दोलनको अवतरण पक्कै पनि भिन्न प्रकृतिको हुन्थ्यो। स्वतन्त्र मेयर बालेन्द्र साहको फेसबुके प्रभावको घनत्वले पनि प्रतिनिधिसभा विघटनसम्मको अवस्था निम्त्याउन कारक भूमिका खेल्यो।

सेनासँगको रसायन र अन्तरिम सरकारको प्रधानमन्त्रीय पात्रको रूपमा सुशीला कार्कीको नाम प्रस्ताव गर्ने जेन-जी माहोलको 'डिफेक्टो' नेता बालेन्द्र साहले फेसबुकबाट उर्दी जारी गरिरहे भने, प्रदर्शनमा आएका जेन-जी लाई पानी खुवाउन भनी आएका हामी नेपाल नामक संस्थामा आबद्ध पात्र अहिले देशको राजनीतिक निर्णयमा हस्तक्षेपकारी हुन खोजिरहेका छन्। लुसिफर र हाइज्याकरका नियत: विश्लेषक सौरभले 'लुसिफर'को उपमा दिएको बालेन फेसबुकमा सीमित थिए भने हामी नेपालका सुदन गुरुङको अभिव्यक्तिहरू उदेकलाग्दो थिए। अहिले उनी देशको राजनीतिक भविष्य तयकर्ताको अवतारमा प्रकट भई सत्तालाई 'डिक्टेट' गर्ने अभिनयमा छन्। उनी कसरी रातारत 'जेन-जी विद्रोहको हाइज्याकर' बन्न पुगे? भनी तथ्यहरू नेपालका केही जिम्मेवार मिडियाहरूले बाहिर ल्याइरहेका छन्। यो लेख सुदन केन्द्रित नरहे पनि उनले निभाई रहेको 'नेतागिरी'को अभिनयले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारको ग्राह्यता निर्धारणबाट विचलित गराउन र संक्रमणकालको चक्रलाई कसरी बढाउन खोजिरहेको छ त्यसबारे चर्चा गरिएको छ। केहीदिन पहिला मात्र एउटा विदेशी मिडियालाई दिएको अन्तर्वार्तामा हामी नेपालका सुदन गुरुङले भनेका छन्- 'पुराना राजनीतिक दलहरूलाई चुनाव लड्न दिने छैनौ जसको लागि अनुसन्धान प्रक्रिया तीव्र पार्नेछौ । विश्लेषक सौरभले 'लुसिफर'को उपमा दिएको बालेन फेसबुकमा सीमित थिए भने हामी नेपालका सुदन गुरुङको अभिव्यक्तिहरू उदेकलाग्दो थिए। अहिले उनी देशको राजनीतिक भविष्य तयकर्ताको अवतारमा प्रकट भई सत्तालाई 'डिक्टेट' गर्ने अभिनयमा छन्। उनी कसरी रातारत 'जेन-जी विद्रोहको हाइज्याकर' बन्न पुगे ? त्यतिमात्रै होइन, मुख्य नेताहरूले गरेको हिंसा र वर्षौंदेखि गरिआएको भ्रष्टाचारको अनुसन्धान गर्ने र पुराना पार्टीहरूमाथि प्रतिबन्ध लाग्नुपर्ने र मुख्य नेताहरू जेल जानुपर्ने जस्ता बिचार प्रकट गरेका छन्। वास्तविक जेन-जी समूहका सदस्यहरूको चाहना सूचीमा पनि निर्वाचन प्रणाली फेर्नेदेखि सुशासन जस्ता मुद्दाहरू नै छन्।

मिराज ढुंगानाहरुको सक्रियता र प्रस्तुतिमा वास्तविक उत्तेजना सुनिए तापनि अभिव्यक्तिमा अपराध उन्मुखता छैन । हामी नेपालको स्कुलिङबाट हठात् नेता बनिहाल्ने महत्वकांक्षा बोक्ने सुदनको हरेक अभिव्यक्ति अन्तरिम सरकारलाई संक्रमित गर्ने प्रकृतिका छन्। सायद सुदनहरुकै क्रियाकलापप्रति लक्षित थियो केपी ओलीको अभिव्यक्ति, 'यो हाइ हुईको सरकार' लाई देश जिम्मा लगाएर हामी देश छाडेर जान्छौ ?





अन्तरिम सरकारले गठन गरेको छानबिन आयोगले जेन-जी आन्दोलनमा भएको दु:खद घटनाहरूको नैतिक जिम्मेवारीको परिधिमा पर्ने हाई प्रोफाइल पात्रहरूको पासपोर्ट रोक्का गरिदिएको छ।

अन्तरिम सरकार भन्नलाई निर्वाचन केन्द्रित तर व्यवहारमा सुदनहरुको राजनीतिक लाइनमा हिँड्न बाध्य जस्तो देखिन्छ । यसबीचमा आफ्नो मनसुबा पूरा नहुन्जेल विकासको चमत्कारी लौरो काठमाण्डौ महानगरले चलाइ रहेछन्, फेसबुकमा। नेपाली काँग्रेस र नेकपा एमालेका नेताहरू सुशीला सरकारले प्रतिशोध साँधिरहेको भनी लिखित र मौखिक प्रतिवादमा उत्रेका छन् । छानबिन प्रक्रियाको क्रममा राज्यले पासपोर्ट रोक्का गर्न पाउँदैन भन्ने कहाँ हुन्छ र ! त्यत्रो मधेश आन्दोलन हुँदा त्यसको छानबिन गराउनको लागि मधेशमा नयाँ आन्दोलन नै गर्नु परेको थियो। बंगलादेशको बाटोमा अन्तरिम सरकार: सर्वोच्च अदालतका पूर्व न्यायधिश गिरिशचन्द्र लालको अध्यक्षतामा बनेको आयोगले गरेको छानबिनको प्रतिवेदन अहिलेसम्म सार्वजनिक नगर्ने नेताहरूको नजरमा यस्ता आयोगहरूको खासै महत्त्व नरहेको रेकर्ड छ। तर काठमाण्डौमा गोडमेलसहित पल्लबित हुँदै गरेको नयाँ राजनीतिक धार निर्माणमा लागेका शक्तिहरूको मनसुवा प्रस्ट छ, पुराना नेताहरूप्रति आम जनतामा रहेको आक्रोशलाई सम्बोधन गर्न कानूनको 'लिब्रल ब्याख्या' गर्दै गल्तीहरूको प्रचार प्रसार गर्नुमा विशेष ध्यान रहनेछ। अन्तरिम सरकार भन्नलाई निर्वाचन केन्द्रित तर व्यवहारमा सुदनहरुको राजनीतिक लाइनमा हिँड्न बाध्य जस्तो देखिन्छ । यसबीचमा आफ्नो मनसुबा पूरा नहुन्जेल विकासको चमत्कारी लौरो काठमाडौँ महानगरले चलाइ रहेकाछन्, फेसबुकमा।

सुशीला सरकारले तोकिएको समयमा निर्वाचन सम्पन्न गराउन सक्दैन भन्नेबारे अब निसंकोच बोलिन थालिएको छ। वास्तविक जेन-जी र सुदनहरुले निर्वाचनको लागि नयाँ शर्तहरु अगाडी सार्नेछन्। राजनीतिक दलहरू कहिले सुरक्षात्मक त कहिले प्रतिरक्षात्मक भएर प्रस्तुत हुनेछन्। अहिले केपी ओली बाहेक अन्य पुराना नेताहरू संयमित भई 'श्रीमानको सरकार'मा संविधानवादको अंश खोजी रहेका छन्। यद्यपि ओलीले आफ्नो शैलीमा बिना संशोधन अभिव्यक्ति दिइरहँदा त्यो 'अपिलिङ' सुनिँदैन।

साभार : नेपाल प्रेस।






"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला





प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday